# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, चैत १८ गते २०३४ साल [ अतिरिक्ताङ्क ६० (क)

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

निकासी पैठारी नियमहरू, २०३४

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "निकासी पैठारी नियमहरू, २०३४" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) "ऐन" भन्नाले "निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३" संझनुपर्छ ।

(ख) "तोकिएको माल वस्तु" भन्नाले इजाजतपत्न नलिई निकासी वा पैठारी गर्न नपाउने गरी श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अन्तर्गत नेपाल राजपत्नमा सूचना प्रकाशित गरी निकासी पैठारीमा नियन्त्रण गरेको माल वस्तु संझनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "इजाजतपत्र" भन्नाले तोकिएको माल वस्तु निकासी वा पैठारी गर्न नियम ४ बमोजिम जारी गरिने इजाजतपत्र संझनुपर्छ ।

(घ) "निकासी पैठारी नियन्त्रक" भन्नाले श्री ५ को सरकारको वाणिज्य विभागको निर्देशकलाई संझनुपर्छ र सो शब्दले निकासी पैठारी नियन्त्रकको काम गर्ने गरी श्री ५ को सरकारले तोकेको अन्य कुनै अधिकारीलाई समेत जनाउँछ ।

(ङ) "फर्म" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएका फर्म संझनुपर्छ र सो शब्दले प्रचलित कानूनबमोजिम दर्ता भएको साझेदारी फर्म समेत जनाउँछ ।

३. इजाजतपत्र जारी गर्ने अधिकारी : (१) यी नियमहरूबमोजिम इजाजतपत्र जारी गर्ने अधिकारी निकासी पैठारी नियन्त्रक हुनेछ ।

(२) उप-नियम (१) बमोजिम इजाजतपत्र जारी गर्ने अधिकारीले आपनो अधिकार आपनो नियन्त्रण र निर्देशनमा आपनो मातहतको कर्मचारीद्वारा प्रयोग गर्न सक्नेछ ।

४. इजाजतपत्रको निमित्त दरखास्त दिंदाको कार्यविधि : (१) तोकिएको माल वस्तु निकासी पैठारी गर्न इजाजतपत्र लिन चाहने व्यक्ति वा सरकारी कार्यालयले निकासी पैठारी नियन्त्रकसमक्ष निकासीको निमित्त भए अनुसूची १ र पैठारीको निमित्त भए अनुसूची २ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम इजाजतपत्र जारी गर्न मुनासिब देखिएमा निकासीको निमित्त अनुसूची ३ र पैठारीको निमित्त अनुसूची ४ बमोजिमको ढाँचामा इजाजतपत्र जारी गर्ने अधिकारीले इजाजतपत्र जारी गर्नेछ ।

५. स्वीकृत नीतिको अधीनमा रही इजाजतपत्र जारी गरिने : तोकिएको माल वस्तुको निकासी वा पैठारी गर्नको लागि इजाजतपत्र जारी गर्दा श्री ५ को सरकारले समय समयमा निर्धारण गरेको नीतिको अधीनमा रही इजाजतपत्र जारी गर्न सक्नेछ ।

६. इजाजतपत्र जारी हुने प्रयोजन : तोकिएको माल वस्तुको निमित्त जारी हुने इजाजतपत्रहरू देहायबमोजिम छुट्टा छुट्टै प्रयोजनको लागि हुनेछन्:–

(क) निकासी इजाजतपत्र:–

(१) व्यापारिक तात्पर्यको लागि औद्योगिक तथा व्यापारिक फर्म कम्पनी वा संस्थानको नाममा जारी हुने ।

(२) निजी प्रयोगको निमित्त जारी हुने ।

(३) नमूना, उपहार वा प्रचार प्रसारको उद्देश्यको निमित्त जारी हुने ।

(४) फिर्ता वा मर्मत गर्न लगिने माल वस्तुको निमित्त जारी हुने ।

(५) सरकारी कार्यालयको निमित्त जारी हुने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पैठारी इजाजतपत्र:–

(१) सरकारी कार्यालय, सरकारी स्वामित्व भएका संस्थान तथा समिति र सो अन्तर्गतका आयोजनाको नाममा जारी हुने ।

(२) सरकारी कार्यालय, सरकारी स्वामित्व भएका संस्थान तथा समिति अन्तर्गतका आयोजनाहरू सम्पन्न गर्नको निमित्त भएको ठेक्का पट्टा वा करारनामाको तात्पर्यको निमित्त जारी हुने ।

(३) व्यापारिक तात्पर्यको लागि व्यापारिक फर्म, कम्पनी, संस्थानको नाममा जारी हुने ।

(४) नाफाको उद्देश्य नभई परोपकारी, सामाजिक, धार्मिक, शैक्षिक तथा अन्य यस्तै कल्याणकारी कार्यको लागि कुनै संस्था वा प्रतिष्टानहरूको नाममा जारी हुने ।

(५) निजी प्रयोगको निमित्त जारी हुने ।

(६) उद्योग, पर्यटन उद्योग, ट्राभल एजेन्सी वा यस्तै व्यवसायसम्बन्धी फर्म वा कम्पनीको प्रयोगको निमित्त जारी हुने ।

(७) नमूना उपहार वा प्रचार प्रसारको उद्देश्यको निमित्त जारी हुने ।

७. व्यापारिक प्रयोजनको लागि जारी गरिने इजाजतपत्र : व्यापारिक प्रयोजनको लागि जारी गरिने निकासी वा पैठारीको इजाजतपत्र प्रचलित कानूनबमोजिम दर्ता वा स्थापना भएको कम्पनी, फर्म वा श्री ५ को सरकारको अधिकाँश स्वामित्व भएको संगठित संस्थालाई मात्र जारी गरिनेछ ।

८. दरखास्त र इजाजतपत्रको दस्तूर : (१) निकासी वा पैठारी इजाजतपत्रको निमित्त दरखास्त दिंदा दश रूपैयाँ दरखास्त दस्तूर लाग्नेछ ।

(२) पैठारी इजाजतपत्रको निमित्त दरखास्त दिने व्यक्तिले जे जति मूल्य खुलाई इजाजतपत्रको लागि दरखास्त गरेको हो त्यस्तो मूल्य बापत देहायबमोजिमको दरले हुने इजाजत दस्तूर दरखास्त साथ बुझाउनु पर्नेछ:–

| इजाजतपत्रमा उल्लेख गर्न चाहेको मूल्य | दस्तूर |
|---|---|
| (१) रू. ५,०००।– सम्मको निमित्त– | रू. २०।– |
| (२) रू. ५,०००।– भन्दा बढी रू. १०,०००।– सम्मको निमित्त– | रू. ६०।– |
| (३) रू. १०,०००।– भन्दा बढी रू. २५,०००।– सम्मको निमित्त– | रू. १५०।– |
| (४) रू. २५,०००।– भन्दा बढी रू. ५०,०००।– सम्मको निमित्त– | रू. ३००।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) रू. ५०,०००।– भन्दा बढी रू. १,००,०००।–
सम्मको निमित्त– रू. ६००।–

(६) रू. १,००,०००।– भन्दा बढी जतिसुकै मूल्यको
निमित्त– खण्ड (५) को निमित्त तोकिएको दस्तूरमा प्रत्येक रू. १०,०००।– वा त्यस्को अंशको निमित्त थप रू. ६०।– का दरले हुने जति रकम ।

(३) निकासी इजाजतपत्र जारी गर्न इजाजत दस्तूर लाग्ने छैन ।

(४) उप–नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ का सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको माल वस्तुको पैठारी इजाजतपत्र बापत लाग्ने इजाजत दस्तूर सोही सूचनामा तोकिए बमोजिम हुनेछ ।

(५) कुनै दरखास्तवालाले इजाजतपत्र नपाउने भएमा दरखास्त दस्तूर बाहेक निजले बुझाएको इजाजत दस्तूर फिर्ता पाउनेछ ।

(६) इजाजतपत्र हराएमा वा नासिएमा इजाजतपत्र प्राप्त व्यक्तिले सो कुरा उल्लेख गरी इजाजतपत्र जारी गर्ने अधिकारीसमक्ष दरखास्त दिनुपर्छ र व्यहोरा मुनासिव देखिएमा इजाजतपत्र जारी गर्ने अधिकारीले त्यसरी हराएको वा नासिएको इजाजतपत्रको प्रमाणित प्रतिलिपि दिन सक्नेछ । त्यसरी इजाजतपत्रको प्रमाणित प्रतिलिपि दिंदा नयाँ इजाजतपत्र सरह दस्तूर लाग्नेछ ।

(७) यस नियमका उप–नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज, श्री ५ मुमा बडामहारानी, श्री ५ जिज्यू मुमा बडामहारानी र श्री ५ अधिराजकुमारहरूबाट निजी उपयोगको निमित्त पैठारी हुने माल वस्तुहरूको लागि इजाजतपत्र जारी गर्दा र सरकारी कार्यालय तथा भन्सार सुविधा प्राप्त व्यक्तिहरूको नाममा निकासी वा पैठारी इजाजतपत्र जारी गर्दा दरखास्त दस्तूर र इजाजत दस्तूर लाग्ने छैन ।

६. इजाजतपत्रको म्याद थप्ने वा अन्य व्यहोरा संशोधन गर्ने : (१) इजाजतपत्रको म्याद निकासी वा पैठारी गरिने माल वस्तुको किसिम हेरी साधारणतः छ महीना र विशेष अवस्थामा एक वर्षमा नबढाई इजाजतपत्रमा तोकिएबमोजिम हुनेछ । इजाजतपत्र प्राप्त गर्ने व्यक्ति वा कार्यालयले इजाजतपत्रमा उल्लेख भएबमोजिमको माल वस्तु इजाजतपत्रको म्यादभित्र चलान गराई सक्नु पर्नेछ । तोकिएको म्यादभित्र त्यस्तो माल वस्तु चलान गराउन नसकेमा त्यसको कारण खुलाई थप म्यादको निमित्त दरखास्त दिएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इजाजतपत्र जारी गर्ने अधिकारीले कारण मुनासिब देखेमा एक पटकमा बढीमा छ महीनासम्मको लागि म्याद थप गर्न सक्नेछ । इजाजतपत्रमा तोकिएको म्यादभित्र वा म्याद थप भएकोमा सो थप म्यादभित्र इजाजतपत्रबमोजिमको माल वस्तु चलान नभएमा त्यस्तो इजाजतपत्र स्वतः बदर हुनेछ ।

(२) इजाजतपत्रको म्याद थप गर्ने बाहेक त्यस्तो इजाजतपत्रमा उल्लिखित अन्य कुनै व्यहोरा संशोधन गर्नु परेमा इजाजतपत्र प्राप्त व्यक्ति वा कार्यालयले त्यसको कारण खोली इजाजतपत्र जारी गर्ने अधिकारीसमक्ष दरखास्त दिनुपर्छ र व्यहोरा मुनासिब देखिएमा इजाजतपत्र जारी गर्ने अधिकारीले इजाजतपत्रमा संशोधन गर्न सक्नेछ ।

(३) उप–नियम (१) बमोजिम पैठारी इजाजतपत्रको म्याद थप गर्दा वा त्यस्तो इजाजतपत्रमा उल्लिखित भन्सार कार्यालयको नाम परिवर्तन गर्दा इजाजतपत्र जारी गर्दा लाग्ने सरहकै दस्तूर लाग्नेछ र सो बाहेक अन्य विवरण संशोधन गर्दा इजाजत दस्तूरको पच्चीस प्रतिशत दस्तूर लाग्नेछ ।

१०. इजाजतपत्र जारी गर्दा प्राथमिकता दिइने : (१) लगातार तीन वर्ष वा सो भन्दा बढी अवधिदेखि देशगत वा वस्तुगत विविधता ल्याई निकासी गर्ने व्यक्तिलाई इजाजतपत्र जारी गर्ने अधिकारीले प्रशंसापत्र दिन सक्नेछ । यस्तो प्रशंसापत्र प्राप्त गर्नेलाई निकासी इजाजतपत्र जारी गर्दा प्राथमिकता दिइनेछ ।

(२) निकासीबाट आर्जन हुने विदेशी मुद्राको तोकिएको अंश बापत तोकेको माल वस्तु पैठारी गर्न श्री ५ को सरकारले समय समयमा निर्धारण गरेको नीतिको आधारमा प्राथमिकता दिई इजाजतपत्र जारी गरिनेछ ।

११. इजाजतपत्र हस्तान्तरण हुन नसक्ने : कुनै व्यक्तिको नाउँमा कुनै खास प्रयोजनको निमित्त जारी गरिएको निकासी वा पैठारीको इजाजतपत्र अरू कसैलाई हस्तान्तरण गर्न हुँदैन ।

१२. इजाजतपत्रबमोजिम निकासी पैठारी गर्नेको कर्तव्य : (१) व्यापारिक प्रयोजनको लागि इजाजतपत्र पाउनेले निकासी इजाजतपत्रबमोजिम तोकिएको माल वस्तु चलान गरेकोमा सो मितिले सात दिनभित्र अनुसूची ५ बमोजिमको ढाँचामा र पैठारी इजाजत–बमोजिम तोकिएको माल वस्तु पैठारी गरेकोमा त्यस्को सात दिनभित्र अनुसूची ६ बमोजिमको ढाँचामा विवरण भरी निकासी पैठारी नियन्त्रक, स्थानीय अञ्चलाधीश र श्री ५ को सरकारले तोकेको अन्य अधिकारी वा कार्यालयसमक्ष पठाउनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिमको विवरण नपठाई पैठारी गरेको माल वस्तु बिक्री वितरण गर्न हुँदैन ।

१३. इजाजतपत्र स्थगित वा बदर गर्ने अधिकार : (१) इजाजतपत्र जारी गर्ने अधिकारीले देहायको अवस्थामा इजाजतपत्रलाई स्थगित वा बदर गर्न सक्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) इजाजतपत्र जारी हुँदा कुनै व्यहोरा फरक परी इजाजतपत्र जारी हुन गएको छ भन्ने कुरा इजाजतपत्र जारी गर्ने अधिकारीलाई लागेमा,

(ख) इजाजतपत्र प्राप्त गर्नको निमित्त पेश गरेको दरखास्तको कुनै कुरा झुट्ठा हो भन्ने इजाजतपत्र जारी गर्ने अधिकारीले ठहराएमा,

(ग) नियम १४ बमोजिम इजाजतपत्र पाउनेबाट बञ्चित गरिएको व्यक्तिको नाउँमा इजाजतपत्र जारी भएको पाइएमा,

(घ) इजाजतपत्र प्राप्त व्यक्तिले ऐन वा यी नियमहरूमा लेखिएको कुनै कुरा उल्लंघन गरेमा वा इजाजतपत्रमा तोकिएको कुनै शर्त विपरित काम गरेमा ।

(२) यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निकासी पैठारी व्यापारलाई बढी सुदृढ तुल्याउनु पर्ने विशेष अवस्था परेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यी नियमहरू अन्तर्गत जारी भएका सबै वा कुनै इजाजतपत्र स्थगित गर्न वा बदर गर्न सक्नेछ ।

१४. इजाजतपत्र पाउनबाट बञ्चित गर्ने अधिकार : कुनै व्यक्तिले निम्नलिखित कुनै काम गरेको छ भन्ने इजाजतपत्र जारी गर्ने अधिकारीले ठहर्‍याएमा त्यस्तो व्यक्तिलाई बढीमा तीन वर्षको लागि इजाजतपत्र पाउनबाट बञ्चित गर्न सक्नेछः–

(क) इजाजतपत्र पाउनको लागि प्रमाण लाग्ने लिखतहरूमा कुनै अनधिकृत तवरबाट थपघट वा केरमेट गरेको,

(ख) इजाजतपत्र जारी गर्ने अधिकारी वा निजको कार्यालयको कुनै कर्मचारीलाई रिश्वत दिएको,

(ग) इजाजतपत्र प्राप्त नगरी तोकिएको माल वस्तु निकासी वा पैठारी गरेको,

(घ) इजाजतपत्र लिनको निमित्त निकासी पैठारी नियन्त्रकको कार्यालयमा दरखास्त दिंदा कुनै झुट्ठा लिखत पेश गरेको,

(ङ) इजाजतपत्र जारी गर्ने अधिकारीलाई झुक्याई एउटै व्यक्तिले विभिन्न नाउँबाट दरखास्त दिएको,

(च) यी नियमहरू उल्लंघन गरे बापत ऐनबमोजिम सजाय पाएको,

(छ) चोरी निकासी वा पैठारी, कालोबजार वा विदेशी विनिमयसम्बन्धी कुनै कसूर गरे बापत प्रचलित कानूनबमोजिम सजाय पाएको,

(ज) नेपाल अधिराज्यको लागि पैठारी गरेको माल वस्तु अन्य मुलुकमा लगेको वा बेच–बिखन गरेको,

(झ) तोकिएको माल वस्तु निकासी पैठारी गर्दा बीजकमा वास्तविक मोल घटाई वा बढाई देखाएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. इजाजतपत्रमा उल्लिखित माल वस्तुको वास्तविक मूल्य : इजाजतपत्रमा उल्लिखित माल वस्तुको वास्तविक मूल्य भन्सारसम्बन्धी प्रचलित कानूनको अधीनमा रही भन्सार कार्यालयले निर्धारण गरेबमोजिम हुनेछ र इजाजतपत्रमा उल्लेख भएको भन्सारको प्रयोजनको लागि माल वस्तुको परिमाण वा मूल्य भन्ने महलमा तोकिएको परिमाण वा मूल्य वा दुवैमा नबढाई सो भन्सार कार्यालयले माल वस्तु निकासी वा पैठारी गर्न दिनेछ ।

१६. उजूरी : (१) यी नियमहरू अन्तर्गत इजाजतपत्र जारी गर्ने अधिकारीले गरेको कुनै निर्णय वा आदेशमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णय वा आदेशको सूचना पाएको पैंतीस दिनभित्र श्री ५ को सरकार, उद्योग वाणिज्य मन्त्रालयमा उजूर गर्न सक्नेछ । उजूरीपत्रमा उजूरवालाले आफ्नो नाम र ठेगाना, उजूरीको विषय, आफ्नो माग र उजूरीको आधार स्पष्ट तवरले उल्लेख गरेको हुनुपर्छ र प्रमाणको निमित्त सम्बन्धित सबै लिखतहरूको प्रतिलिपि पनि उजूरीपत्रसाथ पेश गर्नुपर्छ ।

(२) उप-नियम (१) बमोजिमको उजूरीको प्रतिलिपि इजाजतपत्र जारी गर्ने अधिकारीकहाँ पनि पठाउनुपर्छ ।

१७. अनुसूचीमा हेरफेर गर्ने अधिकार : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१८. खारेजी र बचाउ : (१) निकासी पैठारी (नियन्त्रण) नियमहरू, २०२० खारेज गरिएको छ ।

(२) निकासी पैठारी (नियन्त्रण) नियमहरू, २०२० अन्तर्गत जारी भएका इजाजतपत्रहरू यसै नियमहरू अन्तर्गत जारी भएको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १ फाराम–क

(नियम ४ को उप–नियम (१) संग सम्बन्धित)

व्यापारिक प्रयोजनको निमित्त निकासी गर्न भर्नुपर्ने दरखास्त फाराम

श्री निर्देशक तथा नियन्त्रक ज्यू,
उद्योग वाणिज्य मन्त्रालय,
वाणिज्य विभाग। मितिः–

१. निकासी कर्ताको नाम र ठेगानाः–
२. फर्म वा कम्पनीको धनीको नाम र ठेगानाः–
३. निकासी गर्न चाहेको वस्तुको विवरणः–
 (क) किसिमः–
 (ख) परिमाणः–
 (ग) बिक्री मूल्यः–
४. निर्यात गरिने मुलुकको नामः
५. निकासी गरिने भन्सारको नामः
६. विदेशी क्रेताहरूको ठेक्का वा खरीद आदेशपत्र भैसकेको भए तीमध्ये एकको प्रतिलिपि र सो नभए अन्य व्यहोराः–
७. विदेशी खरीददारहरूको नाम र ठेगानाः–
८. दरखास्तवालाको फर्म वा कम्पनीको रजिष्ट्रेशन नं ..... मिति ...... स्थान ...
९. अन्तिम पटक भएको नवीकरण मितिः–
१०. निकासी गर्ने अवधिः–
११. यस अघि इजाजतपत्र प्राप्त गरेको भए सोको विवरणः–
१२. दरखास्तवालाले दस्तखत गर्न पाउने गरी निजलाई फर्म वा कम्पनीले लेखिएको अधिकार पत्रको संख्या ... ... ... मितिः– ... ...
१३. अन्य आवश्यक विवरणः–

म / हामी कबुलियत गर्दछु / गर्दछौं कि माथि उल्लिखित कुराहरू आफूले जाने सम्म सांचो र ठीक छन्। यसमा दिएको विवरण झुट्ठा अथवा बेठीक ठहरेमा मेरो / हाम्रो नाउँमा जारी गरिएको इजाजतपत्र बदर गरिएमा मलाई / हामीलाई मन्जूरछ। उपरोक्त कबुलियतको समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेको कागजपत्रहरू दिन म / हामी तैयार छु / छौं।

यो इजाजतपत्रबाट निकासी भएको माल वस्तुको भुक्तानी बैंकमार्फत हुनेछ।
मैले / हामीले यस कार्यालयलाई बुझाउनु पर्ने कुनै रकम बाँकी छैन।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मितिः–

दरखास्तवालाको सहिछाप

---

कार्यालयको प्रयोगको लागि मात्र

यस दरखास्तबमोजिमको इजाजतपत्र जारी गर्न नियमानुसार मुनासिब छ ।

पेश गर्ने कर्मचारीको दस्तखत

इजाजत जारी गर्न आदेश दिने अधिकृतको दस्तखत

---

यस दरखास्तबमोजिमको इजाजतपत्र जारी गर्न नियमानुसार नमिल्ने कारणहरू:–

पेश गर्ने कर्मचारीको दस्तखत

आदेश दिने अधिकृतको दस्तखत

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम– ख

अनुसूची १

(नियम ४ को उप-नियम (१) संग सम्बन्धित)

नेपालबाट व्यक्तिगत प्रयोजनको निमित्त निकासी गर्न भर्नुपर्ने दरखास्त फाराम

मितिः–

श्री निर्देशक तथा नियन्त्रक ज्यू,

उद्योग वाणिज्य मन्त्रालय, वाणिज्य विभाग।

देहायको विवरणको माल वस्तु निकासी गर्न आवश्यक परेकोले निम्नलिखित व्यहोरा खुलाई यो दरखास्त पेश गरेको छु।

१. निकासी गर्ने व्यक्तिको नामः–

ठेगानाः– स्थायीः–

अस्थायीः–

२. निकासी गरिने वस्तुको विवरणः–

(क) नामः–

(ख) किसिमः–

(ग) संख्याः–

(घ) मूल्यः–

(ङ) प्रयोजनः–

३. नेपालबाट निर्यात हुने संभावित मितिः–

४. यस अघि निकासी इजाजतपत्र प्राप्त गरेकोमा :

(१) निकासी इजाजत पत्र नं.:–

(२) वस्तुः–

५. अन्य विवरणः–

६. उपरोक्त विवरण साँचो हो र उपरोक्त वस्तु निजी प्रयोगको लागि हो सो फरक परेमा कानूनबमोजिम सहुँला बुझाउँला।

दरखास्तवालाको सहिछाप

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची २ फाराम– क

(नियम ४ को उप–नियम (१) संग सम्बन्धित)

श्री ५ को सरकारको कार्यालय, संस्थान, समिति तथा आयोजनाले पैठारी गर्ने भर्नुपर्ने दरखास्त फाराम

श्री निर्देशक तथा नियन्त्रकज्यू,
उद्योग वाणिज्य मन्त्रालय, वाणिज्य विभाग।

१. कार्यालय, संस्थान, समिति बा आयोजनाको नामः–
ठेगानाः–

२. पैठारी गरिने वस्तु बिबरणः–

(क) किसिमः–
(ख) परिमाणः–
(ग) मूल्यः–

३. पैठारी गरिने वस्तु प्रयोग गरिने क्षेत्रः–

४. पैठारी गरिने वस्तुको लागि आवश्यक पर्ने विदेशी मुद्राको स्रोतः–

(क) श्री ५ को सरकार, अर्थ मन्त्रालय भए सोको पत्रको पत्र संख्या . . . मिति. . .
(ख) सहायता अन्तरगत (सम्झौतापत्रको प्रतिलिपि संलग्न हुनु पर्ने):–
(१) सहायताको कुल रकमः–
(२) सम्झौता अवधिः–
(३) सम्झौता अन्तरगत अन्य इजाजतपत्र प्राप्त गरिसकेको भए इजाजतपत्र नं . . . . .
(४) मूल्य . . . . .
(ग) ऋण कार्यक्रम अन्तरगत (सम्झौताको प्रतिलिपि संलग्न हुनु पर्ने) :–
(१) ऋणको कुल रकमः–
(२) सम्झौता अवधिः–
(३) सम्झौता अन्तरगत इजाजतपत्र प्राप्त गरिसकेको भए इजाजतपत्र नं. . . . . .
(४) मूल्य. . . . .
(घ) अन्य विवरणः–

५. पैठारी गरिने माल बनाउने मुलुकः–

६. पैठारी गरिने माल चलान गर्ने मुलुकः–

७. चलान हुने सम्भावित मितिः–

८. पैठारी हुने भन्सारको नामः–

९. पैठारी हुने माल सम्बन्धित भन्सारमा आई पुग्ने सम्भावित मितिः–

दरखास्तमा सही गर्ने व्यक्तिको

मितिः– नाम र दर्जाः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिंहदरबार (watermark)

६०४२

फाराम– ख

अनुसूची २

(नियम ४ को उप–नियम (१) संग सम्बन्धित)

व्यापारिक प्रयोजनको लागि पैठारी गर्न भर्नुपर्ने

दरखास्त फाराम

मितिः–

श्री निर्देशक तथा नियन्त्रकज्यू,
उद्योग वाणिज्य मन्त्रालय,
वाणिज्य विभाग।

१. दरखास्तवालाको पूरा विवरणः–
    (क) दरखास्तवालाको नामः–
    (ख) पूरा ठेगानाः–
    (ग) दर्ता भएको कार्यालयको नाम, ठेगानाः–
    (घ) दर्ता नम्बर ........ मिति ..........
    (ङ) अन्तिम पटक नवीकरण भएको मिति .......... स्थान ........
    (च) सञ्चालक, हिस्सेदार वा धनीको नामः–
२. पैठारी गर्न चाहेको माल वस्तुको विवरणः–
    (क) किसिमः–
    (ख) परिमाणः–
    (ग) मूल्यः–
३. विदेशी विक्रेतासंग सम्झौता भएको भए सोको प्रतिलिपि सो नभए अन्य विवरणः–
४. पैठारी गरिने माल बनाउने देशः–
५. पैठारी गरिने माल चलान गर्ने देशको नामः–
६. पैठारी हुने माल चलान हुने मितिः–
७. पैठारी हुने भन्सारको नामः–
८. पैठारी हुने भन्सारमा आई पुग्ने सम्भावित मितिः–
९. पैठारी व्यवस्थालाई चाहिने विदेशी मुद्राको स्रोत ........ प.सं. ........ मिति ........
१०. पैठारी गर्न चाहेको वस्तुको लागि कुनै कार्यालयको सिफारिश भए सोको प.सं. ............ मिति ............ र कार्यालयको नामः–
११. अन्यः–

6044

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

म / हामी कबुलियत गर्दछु / गर्दछौं कि माथि उल्लिखित कुराहरू आफूले जानेसम्म साँचो र ठीक छन्। यसमा दिएको विवरण झुट्ठा ठहरेमा म / हामीलाई दिएको इजाजतपत्र बदर गरिएमा मलाई / हामीलाई मन्जूर छ। उपरोक्त कबुलियतको समर्थन निमित्त इजाजत–पत्र दिने अधिकारीले मागेको सम्बन्धित कागज पत्रहरू दिन म / हामी तैयारी छु / छौं मैले / हामीले यस कार्यालयलाई बुझाउनु पर्ने कुनै रकम बाँकी छैन।

मितिः–

दरखास्तवालाको सहिछाप र दर्जा

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

682

फाराम– ग

## अनुसूची २

(नियम ४ को उप–नियम(१) संग सम्बन्धित)

### औद्योगिक प्रयोजनको लागि पैठारी गर्न भर्नुपर्ने
### दरखास्त फाराम

श्री निर्देशक तथा नियन्त्रकज्यू,

उद्योग वाणिज्य मन्त्रालय, वाणिज्य विभाग ।

१. उद्योगको विवरणः–

(क) उद्योग नामः–

(ख) पूरा ठेगानाः–

(ग) दर्ता भएको कार्यालयः–

(घ) दर्ता नंः–

(ङ) सञ्चालक, हिस्सेदार वा धनीको नामः–

(च) अन्तिम पटक नवीकरण भएको मितिः ....स्थानः . . . .

२. पैठारी गर्न चाहेको माल वस्तुको विवरणः–

(क) माल वस्तुको नामः–

(ख) किसिमः–

(ग) परिमाणः–

(घ) मूल्यः–

३. पैठारी गरिने वस्तुको प्रयोजनः–

(क) कच्चा पदार्थः–

(ख) पूँजिगत सामानः–

(ग) अन्यः–

४. पैठारी गर्नको लागि आवश्यक पर्ने विदेशी मुद्राको स्रोतः–

(क) श्री ५ को सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त पत्र संख्या. . . मिति. . . . .

(ख) अन्यः–

५. पैठारी गरिने वस्तुको लागि सम्बन्धित कार्यालयको सिफारिशपत्र भए सोको पत्र संख्या. . . . . . . . . .र मिति. . . . . . . . . . . .

६. पैठारी गरिने माल बनाउने देशः–

७. पैठारी गरिने माल चलान हुने देशः–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. पैठारी गरिने माल चलान हुने मितिः–

९. पैठारी हुने भन्सारको नामः–

१०. पैठारी हुने भन्सार आई पुग्ने सम्भावित मितिः–

११. अन्यः–

म / हामी कबुलियत गर्दछु / गर्दछौं कि माथि उल्लिखित कुराहरू आफूले जानेसम्म साँचो र ठीक छन् यसमा दिएको विवरण झुट्ठा ठहरेमा म / हामीलाई दिएको इजाजतपत्र बदर गरिएमा मलाई / हामीलाई मन्जूर छ। उपरोक्त कबुलियतको समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेको सम्बन्धित कागजपत्रहरू दिन म / हामी तैयारी छु / छौं र उपरोक्त माल वस्तु मैले / हामीले आफ्नो उद्योगको लागि प्रयोग गर्ने छु / छौं। मैले / हामीले यस कार्यालयलाई बुझाउनु पर्ने कुनै रकम बाँकी छैन।

दरखास्तवालाको सहिछाप र दर्जा

मितिः–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम– घ

अनुसूची २

(नियम ४ को उप–नियम (५) संग सम्बन्धित)

(व्यक्तिगत उपभोगका वस्तु पैठारी गर्न भर्नुपर्ने फाराम)

श्री निर्देशक तथा नियन्त्रकज्यू,
वाणिज्य विभाग, काठमाडौं ।

महोदय,

देहायको विवरणको मालसामान पैठारी गर्न पैठारी इजाजतपत्रको आवश्यकता परेकोले मेरो व्यहोरा तल खुलाई निवेदन गरेको छु । कृपया इजाजतपत्र दिनुहुन अनुरोध गर्दछु ।

१. पैठारी गरिने व्यक्तिको नाम:–
ठेगाना:–

२. पैठारी गरिने वस्तुको विवरण:–
(क) नाम:–
(ख) किसिम:–
(ग) संख्या वा परिमाण:–

३. वस्तुको मूल्य:–
(सि.आई.एफ., सी. एण्ड आई., एफ.ओ.बि., के हो सो खोल्नुपर्छ)

४. (क) नेपालमा पैठारी हुने संभावित मिति:–
(ख) पैठारी हुने भन्सारको नाम:–

५. (क) पैठारी गरिने वस्तु बनाउने मुलुक:–
(ख) वस्तु चलान गर्ने मुलुक:–
(ग) चलान हुने संभावित मिति:–

६. विदेशी मुद्रासम्बन्धी विवरण:–
(क) विदेशी मुद्रा श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकबाट प्राप्त भएकोमा सम्बन्धित पत्रसंख्या . . . . . . मिति . . . . . . . को पत्र संलग्न गरिएको छ ।
. . . . . . . को लागि रू . . . . बराबरको विदेशी मुद्रा पाएको छु ।
(ख) विदेशी मुद्राको आर्जन तलब वा भत्ताबाट भएकोमा:–
(१) भत्ता पाउने व्यक्तिको नाम:–
(२) विदेशी मुलुकमा गएको प्रयोजन:–
(३) प्रस्तुत प्रसङ्गमा गएको विदेशी मुलुकको नाम:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) गएको मितिः–

(५) नेपाल फर्केको मितिः–

(६) विदेश बसेको जम्मा अवधिः–

(७) दैनिक / साप्ताहिक / मासिक / वार्षिक प्राप्त हुने भत्ता दरः–

(८) जम्मा आर्जन भएको विदेशी मुद्राः–

(९) जम्मा बचत हुनआएको विदेशी मुद्राः–

(१०) राहदानी नम्बरः–

(११) यस दफा ६ को खण्ड (ख) को व्यहोरा प्रमाणित गरिएको . . . . . . . . कार्यालयको प.सं . . . . . मिति . . . . . . को पत्र संलग्नछ ।

(ग) विदेशी मुद्रासम्बन्धी अरू कुरा खुलाउनुपर्ने भए छुट्टै कागजमा खुलाई संलग्न राख्नुपर्छ ।

७. अरू विवरणः–

(यसमा बढी कुरा खुलाउनुपर्ने भए छुट्टै कागजमा खुलाई संलग्न राख्नुपर्छ)

८. उपरोक्त विदेशी मुद्राबाट यस अघि पैठारी इजाजतपत्र प्राप्त गरिएको वस्तुहरूको विवरणः–

पैठारी इजाजतपत्र नं.:–

वस्तुको नामः–

मूल्यः–

९. उपरोक्त विवरण ठीक साँचो हो फरक परेमा कानूनबमोजिम सजाय सहुँला बुझाउँला ।

निवेदक,

मितिः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम–क

अनुसूची ३

(नियम ४ को उप–नियम (२) संग सम्बन्धित)

S. No. TELE, Address
'JINSI' NEPAL.

His Majesty's Government of Nepal
Ministry of Industries & Commerce
Department of Commerce

Kathmandu

Export Licence No. CDB/ Nepal . . . . 19

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . NEPAL, is/are hereby authorised to export from Nepal the goods of which particulars are given below:–

1. Country to which Exported . . . . . . . . . . . . . .
2. Country of origin. . . . . . . . . . . . . . . . . . .
3. Description of goods. . . . . . . . . . . . . . . . .
4. Quantity. . . . . . . . . . . . . . . . . . . . . . .
5. Approximate value . . . . . . (Nepali rupees in figures) Rs. . . .
   . . . . . . . . . . . . . . . . . (in words) . . . . . . . . . .
6. Period of shipment . . . . . . . . . . . . . .
7. Limiting factor for purposes of clearance through customs

Quantity
Value

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

Director–Cum–Controller
His Majesty's Govt. of Nepal

C.C.

1. The Collector of Customs, Customs House, Calcutta. . .
2. Royal Nepalese Consulate General Calcutta. . . . .
3. Nepal Rastra Bank, Baluwatar, Kathmandu .
4. Border Customs Post . . . . . . . . . . .

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम – ख

अनुसूचि ३

(नियम ४ (२) संग सम्बन्धित)

श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालय

वाणिज्य विभाग

काठमाडौं,
नेपाल।

निकासी इजाजत नं .. .. .. .. .. मितिः– .. .. .. .. ..

श्री . . . . . . . . . . . . .लाई निम्नलिखित माल बस्तु निकासी गर्ने अधिकार दिइएको छ।

(१) माल निकासी गरिने मुलुकको नामः–
(२) उत्पत्ति स्थानः–
(३) मालको विवरणः–
(४) परिमाण :–
(५) अन्दाजी मूल्य . . . . रू. ( अंक ) . . . .
अक्षरेपी रू. . . . . .
(६) माल निकासी गर्ने समयः–
(७) भन्सारको प्रयोजनको लागि माल वस्तुको परिमाण वा मूल्यमाः–
(८) निकासी गर्ने इलाकाः–

निर्देशक तथा नियन्त्रक

बोधार्थः

(१) श्री नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालय,
बालुवाटार, काठमाडौं नेपाल ।
(२) श्री वागमती अञ्चलाधीशको कार्यालय,
वागमती अञ्चल, काठमाडौं ।
(३) श्री ... ... ... ...भन्सार कार्यालय ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

फाराम–क

अनुसूची ४

(नियम ४ को उप–नियम (२) संग सम्बन्धित)

S.No. TELE Address
'JINSI' Nepal.

His Majesty's Government of Nepal
Ministry of Industries & Commerce
Department of Commerce

Kathmandu

Import Licence No. CDB/ Nepal...... 19

Foreign Exchange Clearance Given by H.M.G.

.. .. .. .. .. .. .. .. .. .. .. .. ..

.. .. .. .. .. .. .. .. .. .. .. .. ..

.. .. .. Nepal, is/are hereby authorised to Import into Nepal the goods of which particulars are given below:-

1. Country from which consigned .. .. .. ..
2. Country of origin .. .. .. .. .. .. .. ..
3. Description of goods .. .. .. .. .. .. ..
4. Quantity .. .. .. .. .. .. .. .. ..
5. Approximate value (In Figures) .. .. No .. ..
   .. .. .. .. .. (In words) .. .. .. .. ..
6. Period of Shipment .. .. .. .. .. ..
7. Limiting factor for purposes of clearance through customs Quantity / Value
8. Approximate time of arrival at .. .. Nepal .. .. .. ..
   .. .. .. .. .. .. .. .. .. ..

..............

Director–Cum–Controller.
His Majesty's Govt. of Nepal

C.C.

1. The Collector of Customs, Customs House, Calcutta.
2. Royal Nepalese Consulate General Calcutta.
3. Nepal Rastra Bank, Baluwatar, Kathmandu.
4. Border Customs Post .. .. .. .. .. .. ..

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम– ख

अनुसूची ४

(नियम ४ को उप–नियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालय

वाणिज्य विभाग

काठमाडौं ।

[illegible]ारी लाइसेन्स नं. . . . . . . . . मितिः– . . . .

विदेशी मुद्राको सम्बन्धमा श्री ५ को सरकारबाट समर्थन भएको

श्री . . . . . . . . . . . लाई निम्नलिखित पदार्थको पैठारी गर्न अधिकार दिइएको छ ।

(१) माल पैठारी गरिने मुलुकको नामः– . . . . . . . . .
(२) उत्पत्ति स्थानः– . . . . . . . . . . .
(३) मालको विवरणः– . . . . . . . . . . .
(४) परिमाणः– . . . . . . . . . . .
(५) अन्दाजी मूल्य रू. मा (अङ्क) रू. . . . . . . . .
(६) अक्षरेपी रू. . . . . . . . . . .
(७) भन्सारको प्रयोजनको लागि माल वस्तुको परिमाण वा मूल्यमाः– . . . .
(८) माल चलान हुने समयः– . . . . . . . . . .
(९) माल आइपुग्ने अन्दाजी समयः– . . . . . . . . .

मितिः– . . . . .

. . . . .
निर्देशक तथा नियन्त्रक

बोधार्थः–

१. श्री वागमती अञ्चलाधीशको कार्यालय,
वागमती अञ्चल ।
२. श्री ... ... ... भन्सार कार्यालय ।
३. श्री नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालय,
बालुवाटार, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची ५

(नियम १२ को उप–नियम (१) संग सम्बन्धित)

### निकासीसम्बन्धी वास्तविक बिवरण

| सि. नं. | निकासी इजाजतपत्र पाएको मिति र इजाजतपत्रको नम्बर | वस्तुको नाम | इजाजतपत्रमा उल्लेखित माल वस्तुको | | वास्तविक निकासी (निकासी भंसारमा कायम भएबमोजिम) | | निकासी भएको भंसारको नाम | निकासी भएको पोर्टको नाम र उक्त पोर्टबाट चलान भएको मिति | वस्तु प्राप्त गर्ने मुलुक र फर्मको नाम | कबुलियत भएको मिति र पत्रसंख्या | वस्तु डेलिभरी भएको मिति | प्राप्त हुने विदेशी मुद्रा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | परिमाण | मूल्य | | | | | | | |
| | | | | | | | | | | | | | |

उपरोक्त विवरण ठीक दुरूस्त छ र सम्बन्धित कागजपत्र साथै पेश गरेको छु। झुट्ठा ठहरे प्रचलित कानूनबमोजिम सजाय सहने बुझाउने छु।

प्रोप्राइटर वा म्यानेजर

कार्यालयको प्रयोगको लागि मात्र

उपरोक्त विवरण ठीक छ। ठीक छैन

निम्नबमोजिम कैफियत देखिएको छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची ६

(नियम १२ को उप–नियम (१) संग सम्बन्धित)

### पैठारीसम्बन्धी वास्तविक विवरण

| १ | २ | ३ | ४ | | ५ | | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | पैठारी इजाजतपत्र पाए–को मिति इजाजत पत्रको नं. | वस्तुको नाम | इजाजतपत्रमा उल्लेखित माल वस्तुको | | वास्तविक पैठारी (भंसारमा कायम भएबमोजिम) | | पै ारी भएको पोर्ट र मिति | पैठारी भएको भंसार र मिति | वस्तु बना उने मुलुक र निर्माता | वस्तु बिक्री गर्ने फर्म र मुलुक | कबुलियत भएको पत्र संख्या र मिति | चलान भएको पोर्ट र मिति | विदेशी मुद्रा प्राप्त गरेको विवरण | कैफियत |
| | | | परिमाण | मूल्य | परिमाण | मूल्य | | | | | | | | |

उपरोक्त विवरण ठीक दुरूस्त छ र सम्बन्धित कागजपत्र साथै पेश गरेको छु । झुट्ठा ठहरे प्रचलित कानूनबमोजिम सजाय सहने बुझाउनेछु ।

( )
प्रोप्राइटर वा मेनेजर
मिति

कार्यालयको प्रयोगको लागि मात्र

उपरोक्त विवरण ठीक छ । ठीक छैन । देखिएका कैफियत निम्नबमोजिम उल्लेखित गरिएको छ ।

आज्ञाले–
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।